(१) यदि त्यसले सो दायित्व वा सिक्योरिटीलाई बैंकले यारेंटी गरेको कारणले फरक व्यवहार गरेको छ भने, वा

(२) यदि त्यस्तो कर व्यवस्थाको निमित्त सम्पूर्ण अधिकार क्षेत्रीय आधार बैंकले राखेको कुनै अफिस वा कारोवारको स्थान भएमा।

दफा १०. धाराको प्रयोगः प्रत्येक सदस्यले यो धारामा दिइएको सिद्धान्तहरू आफ्नो कानून मुताबिक लागू गराउने उद्देश्यको निमित्त आफ्नो प्रादेशिक क्षेत्रभित्र आवश्यकतानुसारको कार्य गर्नेछ र आफूले गरेको कामको पूरा विवरणको सूचना बैंकलाई दिनेछ।

## अनुसूची—१०

### अन्तर्राष्ट्रिय द्रव्यकोषको समझौताको धाराहरूको धारा ८ दफा २ (ख)

धारा ८ दफा २ (ख): यस सम्झौता अनुकूल कायम गरिएको वा लगाइएको कुनै सदस्यको मुद्रा संलग्न हुने र सो सदस्यको विनिमय नियन्त्रण नियमहरूको प्रतिकूल भएको विनिमय सम्बन्धी ठेक्काहरू कुनै सदस्यको प्रादेशिक क्षेत्रभित्र लागू हुने छैन। त्यसको अतिरिक्त सदस्यहरूले आपसी कुराकानीद्वारा कुनै एक सदस्यको विनिमय नियन्त्रण नियमहरूलाई बढी मात्रामा कार्यान्वित गर्ने उद्देश्यले बनेका साधनहरूमा सहयोग गर्नसक्नेछन् तर त्यस्तो साधन र नियमहरू यस समझौता अनुकूल हुनुपर्छ।

लालमोहर सदर मिति २०१८।४।५।५ मा

आज्ञाले—
प्रद्युम्नलाल राजभण्डारी,
श्री ५ को सरकारको सचिव,
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय।

श्री ५ को सरकार,

## कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१८ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम्।

393

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सवारी कर असूल उपर गर्ने व्यवस्थाको निमित्त बनेको ऐन

प्रस्तावनाः– सवारी कर लगाउने र असूल उपर गर्ने कार्य प्रणाली व्यवस्थित गर्नु वान्छनीय भएकोले श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम सवारी कर ऐन, २०१८ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) 'सवारी कर' भन्नाले यो ऐन बमोजिम लगाइएको सवारी कर सम्झनु पर्छ ।

(ख) 'मोटर' भन्नाले जीप, कार, स्टेशन वेगन, पेसेन्जर बस, लहरी र ट्रकलाई– समेत जनाउँछ ।

(ग) 'गाडा' भन्नाले बैल, रांगा, वा भैंसी वा घोडाले तान्ने गाडालाईसमेत जनाउँछ।

(घ) 'तोकिएको वा तोकिए बमोजिमको' भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको सम्झनु पर्छ ।

३. सवारी कर लगाउनेः– यो ऐन प्रारम्भ भएपछि श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिदिएका जनपथमा अनुसूचीमा लेखिएको दरले सवारी कर लगाउन सक्ने छ ।

४. सवारी कर असूल गर्ने र जनपथलाई विभाजन गर्ने अधिकार :– (१) दफा ३ अन्तर्गत प्रकाशित सूचनामा तोकिएको जनपथहरूमा मोटर, गाडा चलाउनेसंग यस पछि भएको व्यवस्था बमोजिम सवारी कर असूल उपर गरिने छ ।

(२) यो ऐनको प्रयोजनको लागि श्री ५ को सरकारले सवारी कर लाग्ने प्रत्येक जनपथलाई विभिन्न खण्ड गरी विभाजित गर्न सक्ने छ ।

५. सवारी करको भुक्तानीः– (१) सवारी कर श्री ५ को सरकारबाट नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी छेउ वा त्यस्तो कर असूल गर्न खडा भएको अड्डामा बुझाउन पर्छ ।

(२) सवारी कर यस ऐन बमोजिम तोकिएको पथमा मोटर वा गाडा हिंडाएको पटक पिच्छे दाखिल गर्नुपर्नेछ ।

६. सवारी कर नलाग्नेः– यस ऐनको अधिकार बमोजिम विभाजित गरिएको कुनै एक खण्ड भित्र मात्र मोटर वा गाडा हिंडाए बापत सवारी कर लाग्ने छैन ।

७. सवारी कर छुट दिनेः– (१) श्री ५ को सरकारले कुनै पथमा चल्ने कुनै सार्वजनिक कामको वा कुनै परोपकारी वा जनहितको कामको वा सार्वजनिक निर्माणको कामको मोटर वा गाडाको सम्बन्धमा सवारी कर नलाग्ने गरी छुट्दिन सक्ने छ ।

(२) श्री ५ को सरकारको वा श्री ५ को सरकारको काममा प्रयोग गरिएको वा श्री ५ को सरकारसंग एग्रीमेण्ट गरी नेपाल अधिराज्यको जुनसुकै योजना कार्यको

३९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिलसिलामा प्रयोगमा ल्याइएको मोटर वा गाडामा सवारी कर सबै वा केही नलाग्ने गरी श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी छुट् दिन सक्ने छ ।

तर व्यापार वा मुनाफाको निमित्त प्रयोग गरिने मोटर वा गाडाको सम्बन्धमा उपदफा (१) वा (२) बमोजिम छुट् हुन सक्ने छैन ।

८. कर नबुझाएसम्म मोटर वा गाडा चलाउन नदिने अधिकारः– कुनै पथमा मोटर वा गाडा चलाउँदा सवारी कर लाग्ने गरी व्यवस्था भइराखेकोमा सो लाग्ने सवारी कर नबुझाएसम्म कुनै व्यक्तिको मोटर वा गाडा त्यस पथमा चलाउन दिइने छैन ।

९. मोटर वा गाडा रोक्का र लिलाम गर्न सक्ने अधिकारः– (१) कुनै व्यक्तिले सवारी कर लाग्ने पथमा हिंडाए बापत तिर्नुपर्ने सवारी कर वा यस ऐन बमोजिम लागेको जरिवाना नबुझाएसम्म त्यस्ता व्यक्तिको त्यसरी हिंडाएको मोटर वा गाडा त्यस्तो कर असूल गर्न अधिकार प्राप्त अधिकारी वा अड्डाले रोक्का गरी राख्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम रोकिएको मितिले पैंतीस दिनसम्ममा पनि आफूलाई लागेको सवारी कर वा जरिवाना नबुझाई रोकिएको मोटर वा गाडा छुटाउन आएन भने त्यस्तो मोटर वा गाडा यस्तो कर असूल गर्ने अधिकारी वा अड्डाले लिलाम गरी लाग्ने सवारी कर वा जरिवाना असूल गर्न सक्ने छ र लिलाम बाट बढी आएमा बढी जति अङ्क निज लिन आएका बखत दिने गरी सरकारी धरौट मा आम्दानी बाँधी राख्ने छ ।

तर– (१) लिलाम डांक खतम नभएसम्म आफूलाई लाग्ने जरिवाना वा सवारी कर बुझाई आफ्नो मोटर वा गाडा फिर्ता लिन आएमा लिलाम नगरी लाग्ने जति लिई फिर्ता दिनुपर्छ ।

(२) त्यस्तो बढी भएबाट धरौट रहेको रुपैयां धरौटमा रहेको एक वर्षसम्ममा पनिलिन नआए जफत हुनेछ र श्री ५ को सरकारको आम्दानीमा चढाइने छ।

१०. दण्ड सजायः– (१) कुनै पथमा मोटर वा गाडा चलाउँदा सवारी कर लाग्ने गरी व्यवस्था भइराखेकोमा कुनै व्यक्तिले लाग्ने सवारी कर नतिरी लुकी छली गाडा चलाएको ठहर भएमा प्रत्येक गाडाको निमित्त ने.रु. २५ पच्चीससम्म र मोटर चलाएको ठहर भएमा प्रत्येक मोटरको निमित्त ने,.रु. ५०। पचाससम्म जरिवाना त्यस्तो कर असूल गर्न अधिकार प्राप्त अधिकारी वा अड्डाका प्रमुखको आदेशले हुनेछ ।

(२) कुनै पथमा मोटर वा गाडा चलाउँदा सवारी कर लाग्ने व्यवस्था भइराखेको मा सवारी कर नतिरी चलाउन मनाही गर्दा गर्दै पनि वा रोक्का गरीराखेको मोटर वा गाडा जबर्जस्ती चलाएको प्रमाणित भएमा त्यस्ता व्यक्तिलाई प्रत्येक मोटर चलाए बापत ने. रु. ५००। पाँच सयसम्म र प्रत्येक गाडा चलाए बापत ने. रु. १००। एक सयसम्म जरिवाना त्यस्तो कर असूल गर्न अधिकार प्राप्त अधिकारी वा अड्डाका प्रमुखको आदेशले हुनेछ ।

३९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. कर वा जरिवाना अरू ज्यथाबाट उपर हुन सक्ने:– कुनै व्यक्तिले आफूलाई लाग्ने सवारी कर वा जरिवाना बुझाएन र निजको मोटर वा गाडा पनि रोक्का हुन सकेको छैन भने त्यस्तो कर वा जरिवाना मोटर वा गाडा चलाउनेको वा चलाउन लगाउने मोटर वा गाडाको धनीको अरू आवश्यक ज्यथा पक्री लिई लिलाम गरी असूल गर्ने अधिकार त्यस्तो कर असूल गर्न अधिकार प्राप्त अधिकारी वा अड्डाका प्रमुखलाई हुनेछ ।

१२. पुलिसको अधिकार तथा कर्तव्य:– (१) सवारी कर लागेको पथबाट चलाई ल्याइएको मोटर वा गाडामा लाग्ने सवारी कर बुझाए नबुझाएको चेक त्यस्तो पथमा रहेको प्रत्येक पुलिसले गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम चेक गर्दा सवारी कर बुझाएको निस्सा वा बुझाउन नपर्ने निस्सा वा मनासिब कारण नदेखाउने चालक र मोटर वा गाडा पक्री त्यस्तो कर असूल गर्ने नजिकको अधिकारी वा अड्डामा बुझाउनु प्रत्येक त्यस्ता पुलिस कर्मचारीको कर्तव्य हुनेछ ।

(३) सवारी कर असूल गर्ने अधिकारी वा अड्डाले सवारी कर नबुझाउने वा जबर्जस्ती गर्नेलाई पक्रन मद्दत मागेमा वा जबर्जस्ती गरेको आफैंले देखेमा मद्दत दिई पक्रनु प्रत्येक पुलिस कर्मचारीको कर्तव्य हुनेछ ।

१३. अपील:– (१) यस ऐनको दफा ६ बमोजिम मोटर वा गाडा रोकेकोमा वा दफा १० बमोजिम जरिवाना गरेकोमा चित्त नबुझ्ने व्यक्तिले सो भएको ३५ पैंतीस दिनभित्र जिल्ला अदालतमा अपील दिन सक्ने छ ।

तर– ३५ दिन नाघेको म्याद थामिन र अपील लाग्न सक्ने छैन र मोटर वा गाडा नरोकेकोमा आफूलाई लाग्ने भएको सवारी कर वा जरिवाना धरौट नराखी वा त्यस बापत जमानी नदिई अपील लाग्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम अपील परेमा अपील सुन्ने अदालतले मोटर वा गाडा रोकिएकोमा अपीलको टुङ्गो नलागेसम्म लिलाम नगर्नु भनी रोक्का राख्न सक्ने छ ।

१४. नियम बनाउने अधिकार:– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्ने छ ।

१५. बचाउ:– नेपाल अधिराज्यको संविधानको धारा ५५ (४) बमोजिम यो ऐन निस्क्रय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानिई यस ऐन अन्तर्गत भए गरेका काम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन २०१० को दफा ४ लागू हुनेछ ।

३५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

### सवारी करको दरबन्दी

| क्र.संख्या | सरकारी सडकको किसिम | पटकै पिच्छेको दर प्रति माइल | | | | |
|---|---|---|---|---|---|---|
| | | जीपकार र स्टेशन वेगन | १ टनसम्मको पेसेन्जर बस | ३ टनसम्मको अरू मोटर गाडी | ३ टनभन्दा बढीको अरू मोटरगाडी | गाडा |
| १ | पक्की | ।३० | ।३८ | ।५३ | ।६० | ।१२ |
| २ | अर्धपक्की | ।२३ | ।३० | ।४५ | ।५३ | ।१२ |
| ३ | कच्ची | ।१५ | ।२३ | ।३८ | ।४५ | ।१२ |

लालमोहर सदर मिति २०१८।४।५।५ मा

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव,
कानून, न्याय तथा संसदीय प्रबन्ध मंत्रालय

३९८

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।